# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| खण्ड १ | संख्या २ | मिति २०७५।०८।१५ |
|---|---|---|

# भाग २

विहादी गाउँपालिका
गण्डकी प्रदेश, नेपाल

संवत २०७५ सालको कार्यविधि संख्या २

## विहादी गाउँपालिका विपद राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०७५

विहादी गाउँपालिका

## विहादी गाउँपालिका विपद राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०७५

भूकम्प, बाढी, पहिरो, भूक्षय, आगलागी, सरुवा रोगको महामारी, दुर्घटना जस्ता प्राकृतिक तथा मानवीय कारणबाट सिर्जित विपत्तिपूर्ण अवस्था विपद् हो । विभिन्न रोग व्याधिको कारण वाट ग्रसित नागरिक न्यूनतम उपचार नपाइ मर्ने अवस्था हाम्रो सामु रहेको छ । विपद तथा रोग ब्यादी वाटा ग्रसित व्यक्तिलाई राहत प्रदान गर्नै हेतुले बिहादि गाँउपालिको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५, को दफा ४ बमोजिम **विहादी गाउँपालिका विपद राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०७५** लागु गरिएको छ ।

### उद्देश्य :-

### कोषको व्यवस्थाः

गाउंपालिकामा एक **विपद राहत तथा आर्थिक सहायता** कोष रहनेछ । नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका , निजी क्षेत्र, संघ संस्थाबाट प्राप्त रकम कोषमा जम्मा गरिनेछ । **विपद राहत तथा आर्थिक सहायताको** काममा समितिको निर्णयानुसार कोषबाट खर्च गरिनेछ । खर्च भएको रकमको प्रचलित कानून बमोजिम लेखापरीक्षण गरिनेछ ।

### समितिको व्यवस्था

गाउँपालिकामा एक तपसिल बमोजिमको **विपद राहत तथा आर्थिक सहायता व्यवस्थापन** मूल समिति रहनेछ, सोही समितिको निर्णयानुसार कोषको रकम परिचालन गरिनेछ ।

**तपसिल**

(१) गाँउपालिका अध्यक्ष– संयोजक
(२) गाँउपालिका उपाध्यक्ष – सदस्य
(३) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य
(४) स्वास्थ्य संयोजक – सदस्य
(५) प्राविधिक शाखा प्रमुख – सदस्य
(६) सुरक्षा निकायको प्रमुख/प्रतिनिध गाउँपालिकास्तरीय – सदस्य
(७) प्रमुख प्रशासकीय अधिकृत– सदस्य सचिव

आवश्यकता अनुसार समितिको बैठकमा अन्य विशेषज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ । आवश्यकतानुसार समितिको बैठक बस्नेछ ।

**विपद राहत तथा  आर्थिक सहायता व्यवस्थापन समितिको कार्यहरुः**

(क) विपद्मा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. २५,०००/ का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने ।

(ख) वसि राखेको घर आगलागिवाट पूर्णरुपमा नष्ट भएमा  आवश्यक व्यवस्था गर्नको लागि  रु. १५,०००

(ग) वसि राखेको घर वाढि पहिरो तथा अन्य विपत्तिवाट पूर्णरुपमा नष्ट भएमा  आवश्यक व्यवस्था गर्नको लागि  रु. १०,००० तथा आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु.३००० तथा गोठ आगलागीवाट पूर्ण नष्ट भएमा रु.५०००/अन्य कारणवाट गोठ पूर्ण नष्ट भएमा रु ३०००। प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

(घ) विपद्को घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु ३००० यातायात खर्च दिइनेछ ।

(ङ)रोग लागि अति विपन्नताको कारणले उपचार गर्न जान नसक्नेलाई राहत स्वरुप रु ३०००

(च) बिपदको कारणले पशु चौपाया मरेमा प्रति मृाउ भैसी रु ३०००।, प्रति मृाउ गाइ,गोरु रु २०००।, प्रति मृाउ वाखा,बंगुर रु १०००।, प्रति पाठा,पाठी, पाडा पाडी, वाच्छा वाच्छी रु ५००। रोगलागी , लडेर मरेमा यो राहत प्राप्त हुने छैन ।

कोषबाट पीडितहरुलाई राहत वितरण गर्दा समितिको निर्णयानुसार राहत सहयोग उपलब्ध गराइने छ । तर तत्काल राहत उपलब्ध गराउनु पर्ने परिस्थिति भएमा समितिबाट अनुमोदन गराउने गरी वडाको सिफारिस, फोटा, सर्जमिन मुचुल्का, निवेदनका  आधारमा पिडितलाई राहत उपलब्ध गराउन सकिनेछ ।  विशेष परिस्थति बाहेकका राहत रकम प्राप्त गर्नका लागि राहत सहयोग प्राप्त गर्ने पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस सहित समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

**प्रतिवेदन सम्वन्धमा :**

**विपद राहत तथा  आर्थिक सहायता व्यवस्थापनको** कार्यहरुको प्रतिवेदन गाउंकार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

**संशोधन तथा परिमार्जन सम्वन्धमा :**

यस कार्यविधिमा संशोधन गर्नु परेमा गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।